म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- १९९ २०८१ जेठ २९ गते मंगलबार 11 June 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,

झारफूक लगायतका गलत परम्परागत उपचार विधितिर नलाआ

नेपाल सरकार
विज्ञापन बोर्ड

## भारतसँगको खुल्ला सीमा व्यवस्थित गर्नुपर्छः पोखरेल



समाज संवाददाता

हेटौंडाः नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलले भारतसँगको खुल्ला सीमा व्यवस्थित गर्नुपर्ने बताउनुभएको छ । पूर्वउपप्रधान तथा रक्षामन्त्री समेत रहनुभएका उहाँले ठूलो जनसंख्या भएको देश भारतसँग खुल्ला सीमाका कारण अपराधजन्य घटना हुनसक्ने भएकाले सुरक्षा दृष्टिले सीमालाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो ।

नेकपा एमाले मकवानपुरको नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुको शपथग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष पोखरेलले एमाले नेपाललाई विभाजित गर्ने चिन्तनको विपक्षमा रहेको टिप्पणी गर्नुभयो। पहिचानको नाममा आगो सल्काउनेहरुको विपक्षमा एमाले रहने र पहिचानको मुद्दामा एमालेका नेता कार्यकर्ता प्रष्ट हुन आवश्यक रहेको उहाँले बताउनुभयो।

'एमालेका नेता कार्यकर्ताहरु नयाँ ढंगबाट अघि बढ्नुपर्छ। राजनीति अधिकार प्राप्तिको लागि हिजो लड्यौं। अब उत्पादन र विकास निर्माण रोजगारी तथा सामाजिक सुरक्षाका सवालमा काम गर्नुपर्छ। एमालेले भ्रष्टाचारविरुद्धका सवालमा एजेण्डा बनाउनुपर्छ।' उहाँले भन्नुभयो- 'उत्पादन विकास निर्माणका विषय राज्यको संरचनाको मात्र होइन। अब एमालेको एजेण्डा बन्नुपर्छ। विगतको कथाले एमाले चल्दैन । एजेण्डा विगत हुन सक्दैन, त्यो इतिहास हो । अहिलेको जीवन परिवर्तनको एजेण्डा एमालेले निर्माण गर्नुपर्छ । वर्तमानको परिस्थिति एमालेको एजेण्डा बन्नुपर्छ ।'

एमालेले भनेको मिसन ८४ राजनीति स्थिरताको लागि रहेको उहाँले प्रष्ट पार्नुभयो । राजनीतिक अस्थिरताको कारण उत्पादन र आर्थिक समृद्धिको विषय पछि परेको उहाँको भनाइ छ। कुनैपनि दलको बहुमत नहुँदा देशमा अराकता फैलिएको र मुलुकले विकासको गति लिन नसकेको उहाँको भनाइ छ । मुलुकलाई विकासको गतिमा डोऱ्याउन एमालेले मिसन ८४ को एजेण्डा अघि बढाएको उहाँले बताउनुभयो।

'राजनीतिक अस्थिरताका कारण जनताको जीवनस्तर सुधारका काम गर्न सकिएन। अरु पार्टीले बहुमत ल्याएर देश बनाउन सक्दैन । बिगार्नेमात्र हो । देश विकास एमालेबाट मात्र सम्भव छ ।' उपाध्यक्ष पोखरेलले भन्नुभयो । एमालेले पार्टी सुदृढ गर्ने योजनाअनुसार समय अगावै जिल्ला अधिवेशन गराएको उहाँले बताउनुभयो । वरिष्ठ उपाध्यक्ष पोखरेलका अनुसार एमालेको १० औं महाधिवेशनले पारित गरेको सिद्धान्त, विचार र एजेण्डा स्थापित गर्न एमाले पार्टी सुदृढ गर्ने अभियान चलाएको हो । एमालेलाई बलियो शक्ति बनाउन विचार र सिद्धान्तमा स्पष्टता आवश्यक रहेको उहाँले औंल्याउनुभयो। विचारमा स्पष्टता नभएको पार्टी, संगठन भनेको भिडमात्र हुने उहाँको भनाइ छ ।

कार्यक्रममा एमाले मकवानपुरको नवनिर्वाचित अध्यक्ष श्रीधर पोखरेल, उपाध्यक्ष हिदम लामा, सचिव सीता विष्ट, उपसचिव फुर्वा दोर्जे लामा र आरती पाठकसहित १०५ सदस्यीय जिल्ला कमिटीका सदस्यहरुले सपथग्रहण गरेका छन्। कार्यक्रममा नेकपा एमालेका केन्द्रीय नेताहरु मुकुन्द न्यौपाने, केदार न्यौपाने, देवी ज्ञवाली, डोरमणि पौडेल, रामेश्वर रानालगायतको आतिथ्य रहेको थियो ।

## बागमती सरकारले सीटीईभीटी सञ्चालन गर्दै

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद (प्रदेश सीटीईभीटी) सञ्चालन गर्ने भएको छ । प्रदेशस्तरमा सीटीईभीटी गठन गरी सञ्चालनको तयारी गरेको हो ।

प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत रहने गरी सीटीईभीटी खोल्ने तयारी गरिएको हो । अधिकृत स्तरदेखि सहायकसम्मका १३ जना कर्मचारी र राजनीतिक नियुक्तिमार्फत् कार्यकारी निर्देशक नियुक्ति गर्ने गरी सरकारले सीटीईभीटी गठन प्रक्रिया अघि बढाएको हो ।

सामाजिक विकास मन्त्रालय मातहतको विभिन्न निकायको पुनःसंरचनासहित सीटीईभीटी खोल्ने सरकारको तयारी रहेको छ। प्रदेश सीटीईभीटी खोल्ने विषयमा गत बैशाख २७ गते बसेको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको थियो । बैठकले प्रदेशमा सीटीईभीटी कार्यालय खोल्ने गरी कार्यालय, दरबन्दी तथा कार्य विवरण स्वीकृत गर्ने निर्णय गरेको थियो । बैठकले सीटीईभीटीको कार्यालय स्थापना हुने स्थान, संगठन तालिका, दरबन्दी तेरिज, कार्य विवरण, छाप र साइन बोर्ड स्वीकृत गरेको थियो ।

उक्त कार्यालयमा प्रमुख कार्यकारी निर्देशकसहित १३ जनाको दरबन्दी स्वीकृत गरिएको थियो भने सो कार्यालयमा हाल कायम रहेको दरबन्दीबाहेक ५ जनाको अस्थायी दरबन्दी स्वीकृत गरी प्रदेश सरकारले तलब भत्ताको व्ययभार लिने निर्णय भएको हो । संघीय सरकारलाई काउन्टर गर्दै सीटीईभीटी प्रदेश सरकार मातहत रहने निर्णय गरेसँगै बागमती प्रदेशमा राज्यका दोहोरो संरचना हुने भएको छ । संघीय सरकार अन्तर्गतको सीटीइभीटीको प्रदेश कार्यालय हेटौंडामा रहेका बखत प्रदेश सरकारले आफ्नै सीटीईभीटी खोल्ने तयारी थालेपछि दोहोरो संरचना हुने भएको हो ।

प्रदेश राजधानी हेटैंडामा यसअघि नै संघीय सरकार मातहतको सीटीईभीटी प्रदेश कार्यालय रहेको छ । संघीयता कार्यान्वयनको चरणमा अघि बढ्दा हेटौंडा-११ मा कार्यालय स्थापना गरी काम गरिहरेको उक्त कार्यालय प्रदेश सरकार मातहत हस्तान्तरण हुनुपर्ने हो । तर, संघीय सरकारले कानुनी र प्रक्रियागतरुपमा हस्तान्तरण नगर्दा प्रदेश सरकार आफ्नै सीटीईभीटी गठन गर्ने चरणमा पुगेको सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख खुबीराम अधिकारीले जानकारी दिनुभयो ।

संविधानमा सीटीईभीटी प्रदेश मातहत रहने व्यवस्था रहेको छ । तर, कानुन नबन्दा हालसम्म सो अधिकार प्राप्त हुन सकेको छैन । उक्त अवस्थामा प्रदेश सरकारले सीटीईभीटी आफू मातहत रहने गरी निर्णय गरेको उहाँले बताउनुभयो । 'सीटीईभीटी संविधानतः प्रदेश सरकारलाई हस्तान्तरण हुनुपर्ने भए पनि प्राप्त हुन नसकेको र सो कार्यालयको काम पनि प्रभावकारी नभएकाले प्रदेश सरकारले नै कार्यान्वयन गरेर अघि बढ्ने तयारी गरेको हो', उहाँले भन्नुभयो, 'हेटौंडामा रहेको सीटीईभीटी कार्यालय र प्रदेश सरकारले स्थापना गर्ने संरचना फरक हो। संविधानतः हस्तान्तरण भएको खण्डमा भविष्यमा एकीकृतरुपमा मर्ज गरेर अघि बढ्न सकिन्छ। तत्कालका लागि फरक संरचनाको रुपमा अघि बढाउने तयारी छ ।'

यता संघीय सरकारअन्तर्गतको सीटीईभीटीले पनि हेटौंडामा कार्यालय स्थापना गरी काम गरिरहेको छ । संघीय सरकारअन्तर्गत रहेर सो कार्यालयले प्रदेश सरकारसँग समन्वय गरेर विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको सीटीईभीटी बागमती प्रदेश कार्यालय हेटौंडाका निमित्त प्रमुख श्रीधर नेपालले जानकारी दिनुभयो । सो कार्यालयबाट हाल १३ जिल्लाका १८ आंगिक क्याम्पसहरुमा सीपमूलक तालिमहरु सञ्चालन गरिरहेको उहाँले बताउनुभयो । उक्त क्याम्पसहरुमा १७ विधामा सीपमूलक तालिम सञ्चालन भइरहेको उहाँको भनाइ छ ।

त्यसका अतिरिक्त छोटो अवधि (३९० घण्टा)को तालिमहरुसमेत सञ्चालन भइरहेको उहाँले बताउनुभयो। कार्यालयले सीप परीक्षण, सीप परीक्षालगायतका कामहरु गरिरहेको उहाँले जानकारी दिनुभयो। निमित्त प्रमुख नेपालका अनुसार संघीय कानुनले निर्देशित नगरेसम्म २

....बाँकी पृष्ठ ३ मा

**बधाई एवम् शुभकामना**



मकवानपुर उद्योग वाणिज्य संघका सदस्य प्रिय भाइ **नरेन्द्र भण्डारी** संघीय सरकारबाट हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको अध्यक्ष नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

प्रमोद सिंह रानाभाट, उपाध्यक्ष
**मकवानपुर उद्योग वाणिज्य संघ**
हेटौंडा, मकवानपुर

**हार्दिक बधाई**



पिप्ले युवा क्लबको हालै सम्पन्न आठौं अधिवेशनबाट **सुविन घिमिरे**को अध्यक्षतामा नवनिर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

अनिल पाण्डे
संस्थापक प्रिन्सीपल

रमिता पाण्डे
अध्यक्ष

श्रीबहादुर कार्की
प्रिन्सीपल

**एवम् हेटौंडा सिटी कलेज/ जेनिथ स्कूल परिवार**
हेटौंडा-५, पिप्ले

# सम्पादकीय

## बजेटलाई वितरणमुखी नबनाउ

नेपालमा विभिन्न तहको सरकारले ल्याउने बजेट सन्तुलित र प्रभावकारी बन्न सकिरहेको छैन । सरकारले सांसद तथा आफ्ना नेता, कार्यकर्ताको आवश्यकताका आधारमा बजेट विनियोजन गर्ने परिपाटी व्यापक बनिरहेको छ । देश विकासको लागि के आवश्यक छ भन्दा पनि आफ्ना पार्टीको नेता, कार्यकर्ताको मागबमोजिम बजेट विनियोजन गर्ने गरेका कारण बजेट प्रभावकारी बन्न सकेको छैन । सत्तापक्ष र प्रतिपक्षका सांसदहरुको स्वार्थबाट प्रेरित भएर वितरणमुखी बजेट बनाइँदा बजेट लक्ष्यप्राप्तिमा कमजोर देखिने गरेको छ । सरकारले व्यवस्थापिकाबाट बजेट पारित गराउन सहज हुने देखेरै होला, विभिन्न नाम र शीर्षकमा सांसदले भनेजस्तो योजना बजेटमा समावेश गर्ने गरेको छ । अझ कतिपय वर्षको बजेटमा सांसदले आफैं योजना छनोट गरेर खर्च गर्ने गरी बजेट दिने गरिएको छ ।

पछिल्ला केही वर्षदेखि देशको अर्थतन्त्रको वृद्धि सन्तोषजनक देखिएको छैन । राजश्व असुली कमजोर बनेर सरकारको आम्दानी घटिरहेकाले बजेट पनि कटौती गर्नुपर्ने बाध्यता देखिएको छ । बजेट निर्माणको अन्तिम चरणमा रहेको बागमती प्रदेश सरकारले बजेटलाई सन्तुलित गर्न सक्नुपर्छ । तर, बागमती प्रदेश सरकारले अप्रत्यक्षरुपमा सांसदलाई योजनामार्फत् बजेट दिने भएको छ । प्रदेश सरकारले मन्त्रालयगत बजेट सिलिङ घटाएरै भए पनि सांसदहरुका योजनामा बजेट दिने तयारी गरेको हो । विगतमा सांसद विकास कोष तथा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमजस्ता अनेकौं नाममा सांसदहरुलाई बजेट दिने गरिएको थियो । कानुन निर्माणको काम गर्नुपर्ने र सरकारलाई खबरदारी गरेर गलत गर्नबाट रोक्नुपर्ने सांसद आफैंले बजेट विनियोजन र खर्च गर्ने गर्दा बजेटको सदुपयोग नभएको व्यापक गुनासो आएपछि संघ र प्रदेश दुबै सरकारले सांसदलाई प्रत्यक्ष बजेट बाँड्न छाडेका हुन् ।

बजेट निर्माणमा जुटिरहेको बागमती प्रदेश सरकारले घुमाउरो तरिकाले भए पनि प्रतिसांसद ३ करोड रुपैयाँको योजना दिने चर्चा चलिरहेको छ । प्रदेशका ११० सांसदहरुका योजनामा सरकारले ३ अर्ब ३० करोड रुपैयाँ खर्च गर्ने तयारी गरेको हो । सांसदले माग गरेबमोजिम सांसदकै सिफारिसमा आफ्नो निर्वाचन क्षेत्रमा विभिन्न योजना सञ्चालन गर्न सक्नेगरी बजेट दिन लागिएको हो । विभिन्न शीर्षकका योजनामा ठूलो अंकको बजेट राख्ने र सांसदको तजविजमा बाँड्ने परिपाटीलाई सर्वोच्च अदालतले रोक लगाएपछि प्रदेश सरकारले नयाँ ढंगबाट सांसदलाई बजेट दिने तयारी गरेको हो । सांसदहरुले पेश गरेको योजनामध्ये अधिकतम ३ करोड रुपैयाँसम्म बजेट कार्यक्रममा समावेश गर्ने सरकारको तयारी रहेको उहाँले बताउनुभयो । निर्वाचन क्षेत्र केन्द्रित कार्यक्रम, स्थानीय तहले माग गरेको कार्यक्रम र कार्यकर्ताले माग गरेअनुसारको कार्यक्रमहरु समावेश गरी सांसदहरुले योजना पेश गरेका हुन् ।

सरकारले ल्याउने बजेटमा असन्तुष्टि र विरोधका स्वर दबाउनकै लागि सांसदलाई खुशी पार्न बजेट विनियोजन गर्ने क्रम चलिरहेको छ । बजेट सन्तुलित र विवादरहित बनाउन यस्ता वितरणमुखी कार्यक्रमले चुनौती दिन्छ । विगतका वर्षहरुमा पनि बजेटलाई सन्तुलित बनाउन सकिएको छैन । प्रदेश सरकारले आम्दानीभन्दा बढी हुने गरी बजेट ल्याउन पाउँदैन । संघीय सरकारले प्रदान गर्ने अनुदानलगायतका अन्य शीर्षकका रकम र प्रदेशले उठाउने कर/राजश्वको अनुमानको आधारमा बजेट बनाउनुपर्छ । प्रदेशका नागरिकको आवश्यकता र प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राखेर बजेट ल्याउनुपर्छ । सांसदलाई आफूखुशी खर्च गर्न सक्नेगरी बजेट दिनु संसदीय व्यवस्थाको मूल्य, मान्यताविपरित हुन्छ । सांसदलाई दिइने बजेट खर्च प्रभावकारी हुँदैन । विगतदेखि नै निकै आलोचित बनेको सांसदलाई बजेट दिने परम्परा अन्त्य हुनु आवश्यक छ । सांसदलाई बजेट विनियोजन गरेर बजेटलाई वितरणमुखी बनाइनु हुँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाई–लेखाई ठिकै रहने समय योग छ ।
**वृष** : कामको चापबाट फुर्सद मिल्ने समय छ ।
**मिथुन** : घमण्डबाट बँच्दा बचाउँदा राम्रो होला ।
**कर्कट** : पठनपाठनका क्षेत्रहरु मध्यमकारक रहलान् ।
**सिंह** : लगनशीलताले काममा पूर्णता प्राप्त होला ।
**कन्या** : धार्मिक र सामाजिक काममा सरिक भइने छ ।
**तुला** : भाग्यबलले साथ सहयोग प्रदान गर्ला ।
**वृश्चिक** : महत्वकांक्षालाई थाती राखेर काम गर्दा राम्रो ।
**धनु** : आरम्भ भएको कामलाई पूर्णता दिइने समय छ ।
**मकर** : कार्यक्षेत्रमा अहम भूमिका निर्वाह होला ।
**कुम्भ** : कामको प्रयास फलदायी र सार्थक होला ।
**मीन** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।

# अहिलेकै अवस्थामा कृषिकर्मले समृद्धि ल्याउँदैन

**सकिन्छ साना किसानहरूको जीवनको सकारात्मक परिवर्तनको लागि काम गरौं, सकिंदैन भने कम्तीमा उहाँहरूलाई अहिलेकै अवस्थामा कृषिकर्मले समृद्धि ल्याउँछ भन्ने ‘भ्रम’बाट मुक्त गरौं।**

**नाफा र घाटाको हिसाब गरी हाम्रो सामु कति व्यवसाय बन्द भएका छन्, अन्त सरेका छन्, तर तर्कसंगत ढंगले सोच्न नजानी/नपाई कृषिकर्म नै शाश्वत सत्य हो भन्ने सोच्न बाध्य पारिनु चाहिं समस्या हो।**




**सन्देश पौड्याल/सुनिता न्हेम्हाफूकी**

नेपालको समग्र कृषि प्रणालीका मुख्य अंश साना किसानहरू कृषिलाई पेशा वा व्यवसायको रूपमा हेर्न तयार हुनुभएको छैन ।

लगानी, नाफा, घाटा, प्रक्षेपण आदि धेरै टाढाका विषय भएका छन् । गरेका थियौं र भइरहेको छ भन्ने चिन्तनले नै अहिलेसम्म डोऱ्याइरहेको छ। जीवन निर्वाह भइरहेको छ भन्ने विश्वास र विदेश जान पैसा जोहो गर्ने माध्यम बनेरै कृषिकर्ममा निरन्तर लागिरहनुभएको जनसंख्या बढी छ ।

अपवाद नभएका होइनन् तर समग्रतामा कुरा गर्दा अपवादको कुरा गर्नु ठिक नहोला, त्यसो गर्दा गलत विश्लेषण र निष्कर्षमा पुगिन्छ ।

हाम्रो समग्र कृषि प्रणालीमा समस्या छन्, कृषि पूर्वाधार पर्याप्तताको समस्या छ, नीतिगत अस्पष्टताले समस्या बढाएको छ, संरचनात्मक रूपमै बजारदेखि लागतसम्मका समस्या छन् । यी समस्याको महत्वपूर्ण तर एउटा पाटो हो। त्यो सम्बन्धी मुद्दा धेरै राजनैतिक र थोरै सामाजिक होलान् जुन चाँडै नै समाधान हुन गाह्रो छ, कम्तीमा यो आलेखको हिस्सा चाहिं होइनन् ।

कृषकसँग धेरै काम गर्ने हामी आफैंलाई प्रश्न गरिरहेका हुन्छौं, ‘के कुनै चमत्कारका कारण नीति र पूर्वाधारको समस्या समाधान भइहालेको अवस्थामा हाम्रो कृषि-प्रणाली व्यावसायिक बन्न तयार छ त ?’

उत्तर उत्साहजनक छैन। फेरि अर्को धारणा पनि आउला, व्यवस्था सुध्रियो भने व्यावसायिकता पनि सुध्रिहाल्छ नि !

हामीले बुझेको, व्यवस्था सुध्रिनुसम्म कुर्ने हो भने कहिल्यै पनि व्यावसायिकता आउँदैन । फेरि उही व्यवस्थामा सफल मान्न मिल्ने जलस्रोत, आईटी र धेरै हदसम्म पर्यटन क्षेत्रका दृष्टान्त पनि हामीसँग छन् ।

कृषिमा किन त्यसो हुन सकेन ? न त नीति र व्यवस्था सजिलै सुध्रिन्छ न त व्यवसाय गर्ने तरिका नै। आफू तयार हुँदै जाने अनि त्यसैको जगमा व्यवस्था सुधार्न प्रयासरत रहने तरिका नै सबैभन्दा वैज्ञानिक हो । व्यवसाय अघि-अघि र नीति त्यसको पछि हुन नसक्ने केही छ र ?

त्यसो भए सुधार्ने भनेको चाहिं के हो ? हाल सालैको ताजा उदाहरण दिन्छौं । शंखरापुर नगरपालिकामा हामी साना कृषकहरूलाई व्यावसायिक साक्षरतामा परिचित गराउने उद्देश्यले गएका थियौं। एउटा अभ्यास गरायौं, आफ्नो उत्पादनको लागत मूल्य निकाल्ने ।

एकजनाले खुसुक्क आएर भन्नुभयो, ‘यस्तो अभ्यास नगरौं, धेरैको कृषिकर्म घाटामा छ, कृषिबाटै भागाभाग होला।’ धेरै यस्तो कार्यक्रममा भाग लिंदा पनि यस्तो प्रतिक्रिया पहिलो पटक आएको थियो, धेरैको अवस्था त्यही हो भन्ने हामी अनुभवको आधारमा भन्न सक्थ्यौं । तर पनि त्यो प्रतिक्रिया त्यसरी पहिलो पटक आएकोले अवाक् भएका थियौं ।

नभन्दै, आफ्नो ज्यालाको मूल्य र जग्गाको सामान्य भाडा राख्दा अधिकांश कृषक घाटामै हुनुहुन्थ्यो। कतिपयलाई त विश्वास गर्ने गाह्रो भयो तर पछि किन पैसा बाँच्दैन र ऋण घट्दैन भन्ने आफ्नो कौतूहलताको उत्तर पाएको जस्तो पनि भयो ।

नेपालमा कृषिलाई व्यावसायिक बन्न तगारोको रूपमा रहेको वित्तीय र व्यावसायिक (अ)साक्षरतालाई आत्मबोध गर्दै त्यसलाई चिर्न व्यापक रूपमा व्यावसायिक साक्षरता बढाउन जरूरी छ भन्ने विश्वासका साथ हामी निरन्तर लागिरहेका छौं । घरी कक्षाकोठामा त घरी किसानको दैलोमा हामी व्यावसायिक साक्षरताको कार्यक्रम लिएर पुगिरहेका हुन्छौं ।



करिब १२०० साना किसानसँगको प्रत्यक्ष साक्षात्कारको आधारमा हामी के निष्कर्षमा पुगेका छौं भने यथास्थितिमा ‘कृषि’ जीवन निर्वाहको साधन बन्न सक्दैन। पेशा वा व्यवसाय बन्न सक्दैन । यथास्थितिमा हाम्रो कृषि प्रणाली कृषि नीति, पूर्वाधारका साथै किसानहरूकै क्षमता पनि पर्दछ ।

### समस्याको चुरो

‘कृषिमा आधुनिकीकरण र व्यवसायीकरण’ भन्ने नारा हामीले सुन्न थालेको कति भयो ? तथ्यांकले सापेक्षित रूपमा फरक कुरा भन्न सक्ला तर दुवै पाटोमा हाम्रो प्रगति पट्यारलाग्दो छ ।

हामीले नेपालभरका ११ जिल्लाका करिब ४०० साना किसानसँग गरेको सर्वेक्षणले देखाएको छ- करिब १८ प्रतिशत किसानले मात्र जसोतसो आफ्नो व्यवसायको हिसाब-किताब राख्नुभएको छ, करिब ९ प्रतिशतसँग मात्र व्यवसायको योजना छ। त्यो पनि बैंकको ऋण अथवा अनुदानको लागि बनाएको ।

करिब २८ प्रतिशत साना किसानलाई मात्र बैंकको ब्याज कसरी हिसाब हुन्छ भन्ने थाहा छ र अझ जम्मा ८ प्रतिशत साना किसानलाई मात्र आफ्नो उत्पादनको लागत मूल्यको जानकारी छ ।

हाम्रो सर्वेक्षण नै पूर्ण रूपमा साँचो हो भन्ने दावा हाम्रो छैन। तर करिब ६५ प्रतिशत जनता लागेको क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा २५ प्रतिशत मुनि हिस्सा छ भन्ने राष्ट्रिय तथ्यांकले देखाएको अवस्थामा, सत्य त्योभन्दा पर छ भन्ने सङ्केत कदापि हुँदैन । बैंकमा थुप्रिएको खराब कृषि ऋणले पनि हाम्रो अध्ययनलाई थोरबहुत प्रमाणित नै गर्दछ ।

समस्या हिसाबकिताब बुझेन भन्ने मात्र होइन, नाफा-नोक्सानको विश्लेषण गर्न जानेन भन्ने मात्र पनि होइन, समस्या कतै हाम्रो साना किसानहरू गलत विश्वासमा स्वर्णिम सपना देख्दै आफू र आफ्नो परिवारलाई ‘अल्झाइ’मात्र रहनुभएको त छैन भन्ने हो । समस्या कतै अपुरो लागतमा पूर्ण आशा गर्नुभएको छ कि भन्ने हो ।

कुनै पनि व्यवसाय पूर्ण रूपमा नाफामा मात्र चल्ने हुँदैन, कृषि कुनै पनि हालतमा अपवाद होइन। नाफा-नोक्सानको चक्र यसमा पनि चल्छ। तर पुस्ता दर पुस्ता गरिरहेको तर ‘नाफा’ र ‘नोक्सान’को हिसाब कहिल्यै गर्न नसकेको अवस्था चाहिं समस्या हो ।

आफ्नो लागत र त्यसको प्रतिफलको सही हिसाब नगरी जीवनभर अभाव र दुःखमा बाँचिरहेर यही नै मेरो एकमात्र धर्म र कर्म हो भन्ने अनिवार्य सोच रहनु चाहिं समस्या हो ।

नाफा र घाटाको हिसाब गरी हाम्रो सामु कति व्यवसाय बन्द भएका छन्, अन्त सरेका छन्, तर तर्कसंगत ढङ्गले सोच्न नजानी/नपाई कृषिकर्म नै शाश्वत सत्य हो भन्ने सोच्न बाध्य पारिनु चाहिं समस्या हो ।

अर्को तर्क पनि जबर्जस्त रूपमा आउँछ, नाफा-नोक्सानको हिसाब गरेर धेरैले कृषिकर्म बन्द गरे देशको खाद्य सुरक्षा के हुन्छ, हामीले के खाने ? हाम्रो विचार, ‘आफू पिल्सिएर, एक एक रुपैयाँको लागि मिहिनेत पसिना एक गर्ने तर हात लाग्यो शून्य हुने अनि देशको खाद्य सुरक्षा र भान्सामा के पाक्छ भन्ने चिन्ता चाहिं साना किसानहरूले मात्र गरिरहनुपर्ने ?’

कतै यही अवस्थाको आकलन गरेरै सम्पूर्ण संयन्त्र नै साना किसानहरूलाई व्यावसायिक रूपमा साक्षर नहोउन् भन्ने धेयका साथ अघि बढेका त छैनन ? भन्ने प्रश्न पनि टड्कारो रुपमा आउँछ ।

साना किसानहरूको आँखाबाट हेर्दा अवस्था साँच्चै नै जटिल छ । बीउको लागि, मलको लागि, सिंचाइको लागि, बजारको लागि, मूल्यको लागि आफू तन्नम भएर लाग्ने अनि राज्यको तर्फबाट निरन्तरको उपेक्षासँगै धेरै घाटाको व्यवसायमा निरन्तर लाग्नैपर्ने बाध्यकारी अवस्था सृजना हुनु हरेक हिसाबबाट दुःखद् हो ।

आवरणमा प्रयास नभएका पनि होइनन् तर अहिलेसम्म आउँदा तिनले नतिजा निकालिसक्नुपर्ने हो, तर दुःखको साथ भन्नुपर्छ खेतमा काम नै गर्न नदिने त्यस्ता तालिम, गोष्ठी र भेलाहरुले आशातित नतिजा दिनुको साटो उल्टै यस्तो पढेर के हुन्छ र भन्ने अवस्था सृजना गरेको छ । त्यस्तो कार्यक्रम गर्ने मान्छे कि त अमूक आशाका भकारी भएका छन् कि त उपहासको पात्र ।

अझ पनि साना किसानहरु कुनै परियोजनाको अपूर्ण टेकोमा लागिरहनुभएको छ । उत्पादन, बजार, लागत र नाफा-नोक्सान नबुझ्दा घरी किवी घरी ड्रयागन फ्रुट, घरी अदुवा त घरी एभोकाडोको ‘नोक्सानीपूर्ण’ जालोमा किसानहरू परिरहनुभएको छ। पत्र-पत्रिका र ‘युट्युब’मा आउने जल्दबाजीका ‘ग्लामरस’ समाचारहरूले पनि सहयोग गरेका छैनन् ।

कसैले यो उत्पादन गर्नु राम्रो हुन्छ भनेर भनेको आधारमा सम्पूर्ण साधन-स्रोत खर्च गर्नुभन्दा आफैं त्यसको आलोचनात्मक रूपमा विश्लेषण गर्न सक्ने भएको भए अवस्था कति राम्रो हुनेथियो होला । अनि मात्र त्यो सही मानेमा व्यवसाय ‘नाफा नोक्सान’ वाला हुन्थ्यो होला, जसको जिम्मेवारी उहाँहरूकै काँधमा हुनेछ ।

सरोकारवाला सम्पूर्णलाई हाम्रो अनुरोध, यो निकै चुनौतीपूर्ण भए पनि समाधान गर्न सकिने चुनौती हो । तुलनात्मक रूपमा कम साधनस्रोतमै सम्पन्न गर्न सकिन्छ, प्राविधिक र व्यावसायिक साक्षरताको प्रयत्न साथ-साथै जानुपर्ने देखिन्छ ।

राज्य, प्राज्ञिक संस्था, विकास साझेदारहरूलाई हाम्रो अनुरोध- विगतमा के भए त्यसलाई शिक्षाको रूपमा लिई हातेमालो गर्दै यो समस्यालाई चिर्न दृढ विश्वासका साथ अघि बढौं । धरातल बुझेर इमानदार प्रयास गरौं । छरिएका प्रयास र स्रोतहरूले हामीलाई नतिजाउन्मुख बनाएका छैनन् ।

यसलाई मनन गर्दै हाम्रा अन्नदाताहरूको मिहिनेतको सही ढङ्गले सम्मान हुने अवस्था सृजना गर्नतर्फ लागौं । सकिन्छ उहाँहरूको जीवनको सकारात्मक परिवर्तनको लागि काम गरौं, सकिंदैन भने कम्तीमा उहाँहरूलाई अहिलेकै अवस्थामा कृषिकर्मले समृद्धि ल्याउँछ भन्ने ‘भ्रम’बाट मुक्त गरौं ।

(पेशाले सीए पौड्याल किङ्स कलेज काठमाडौंका एग्रीबिजनेस म्यानेजमेन्टका संयोजक हुन् भने विगत डेढ दशकदेखि साना किसानसँग काम गर्दै आएकी न्हेम्हाफूकी त्रिभुवन विश्वविद्यालयमा कृषि संचारमा विद्यावारिधि गरिरहेकी छन् । स्रोतः अनलाईनखबर)

# आन्तरिक स्रोत उच्चतम परिचालन गरी बजेट ल्याउँछौं: मन्त्री थपलिया

(बागमती प्रदेश सरकारले आगामी असार १ गते बजेट ल्याउने तयारी गरेको छ । नीति तथा कार्यक्रम अनुकूल हुने गरी प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट असार १ गते संसदमा प्रस्तुत गर्नेगरी तयारीलाई तिव्र पारेको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको हाराहारीमा बजेट ल्याउने तयारी गरिरहेको छ भने प्रदेशको आन्तरिक स्रोतको उच्चतम प्रयोग गरेर व्यवहारिक र नागरिक लक्षित कार्यक्रम ल्याउने रणनीति सरकारको रहेको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा ठूला र वृहत् प्रकृतिका योजना तथा जनताको जीवनस्तरसँग जोड्ने कार्यक्रमलाई समेट्ने गरी बजेटमा कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र रोजगारी सृजनालाई मुख्य प्राथमिकता दिने भएको छ । बागमती प्रदेश सरकारले बजेट निर्माणको क्रममा गरिरहेको तयारी र बजेटका बारेमा प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियासँग समृद्ध समाजका लागि गणेश दुलालले गर्नुभएको कुराकानी ।)




**जगन्नाथ थपलिया**
**मन्त्री**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**समाज: आगामी आर्थिक वर्षको बजेट निर्माणको अन्तिम तयारी भइरहेको छ । कस्तो बजेट बन्दैछ ? विगतको तुलनामा नागरिकले के फरक अनुभूति पाउँछन् ?**

**थपलिया:** बागमती प्रदेशको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट निर्माण अन्तिम चरणमा पुगेको छ । हामीले सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रम पनि सकेका छौं । हामी बजेटको अन्तिम तयारीमा छौं । चालु आर्थिक वर्ष २०८०/०८१ मा हामीले ६२ अर्ब रुपैयाँ बढीको बजेट ल्याएका थियौं । त्यो भन्दा अगाडि लगभग ७२ अर्ब रुपैयाँको थियो । अहिले विशेष गरेर अन्तर्राष्ट्रियस्तरको आर्थिक मन्दीको कारणले राजस्व उठ्न कम भएको छ । संघले दिने अनुदानमा पनि ११ प्रतिशत कमी आएको छ । त्यसको अधिनमा रहेर हामीले अहिले सन्तुलित बजेट ल्याउने तयारी गरेका छौं । विशेषगरी बागमती प्रदेशको आर्थिक वृद्धिदर अत्यन्त न्यून रहेको छ । प्रदेशको आर्थिक वृद्धिदर १.७८ प्रतिशतमात्र रहेको छ । हामी हाम्रो लगानी नीति विस्तारै परिवर्तन गर्न लागिरहेका छौं ।

हामीले विगतको बजेटबाट बढी पूर्वधारको निर्माण गर्‍यौं । अब हामीले शैक्षिक क्षेत्रमा ठूलो लगानी गर्नुपर्नेछ । सँगसँगै हामीले मेडिकल क्षेत्रमा लगानी गर्ने रणनीति बनाइरहेका छौं । प्रदेशभरी १२ वटा अस्पतालहरु सुविधासम्पन्न बनाउने तयारी गरेका छौं । जिल्ला अस्पतालहरुमा हुने गरेको बिरामीको चापलाई कम गर्ने र सहज ढंगले प्रदेशबासीलाई सुविधा उपलब्ध गराउने सरकारको तयारी रहेको छ । आम नागरिकलाई सुविधासम्पन्न अस्पतालबाट सेवा प्रदान गर्ने प्रदेश सरकारको चाहना हो ।

**समाज: बजेटको आकारचाहिँ कस्तो के हुने सम्भावना छ ?**

**थपलिया:** अघिल्लो वर्षको तुलनामा वृद्धि हुन्छ कि हुँदैन थाहा छैन । तर उत्साहजन हुन्छ । बजेट विनियोजन भएपछि आकारको बारेमा थाहा हुन्छ । विगतमा सांसदहरुले पनि प्रश्न उठाउँदै आइरहेको विषय हो, टुक्रे योजना समावेश बढी भयो । पहिला टुक्रे योजनाका कारण बजेट छरियो भनेर विरोध पनि भइरहेको थियो । टुक्रे योजना व्यवस्थापन र बजेट सन्तुलन कसरी गर्ने सरकारको तयारी हो । हामी केही ठूला प्रोजेक्टमा नै जानुपर्छ । बागमतीमा स-साना काममा लगानी गर्दा धेरै उपलब्धी हुने कामहरु पनि छन् । अब टुक्रे योजना भयो भनेर त्यसमा सरकारले काम गर्न नहुने हो र ? सिँचाईमा ५ लाख रुपैयाँ दियो भने त्यसले सयौं रोपनी जग्गामा उत्पादन वृद्धि हुनसक्ने अवस्था छ । खानेपानीका लागि घण्टौं हिँड्नुपर्ने बाध्यता अन्त्यका लागि १०/१५ लाख रुपैयाँ दिन सकियो भने सहज हुन्छ । प्रदेशका केही जिल्लाहरुमा आवश्यकताअनुसार संघले अनुदान दिन सकिरहेको छैन । स्थानीय तहको स्रोतले मात्र काम गर्न सक्दैन । आवश्यकता अनुसारको आयोजनामा सरकारले लगानी गर्ने हो । सानो ठूलो वा टुक्रे भन्ने हुँदैन । बजेटलाई व्यवस्थित गर्ने विषयमा भने सोच्नुपर्ने हुन्छ । अनुगमन प्रणालीलाई राम्ररी कार्यान्वयनमा ल्याएर प्राविधिक कुराहरुको राम्ररी व्यवस्थापन गर्नुपर्छ ।

**समाज: बजेट विनियोजन प्रणाली पहिलाको भन्दा परिवर्तन हुन्छ ? विगतमा पहुँचको आधारमा बजेट दिइयो भन्ने विवाद पनि चर्को थियो ?**

**थपलिया:** पूर्वाधार विकासका सन्दर्भमा प्रदेशमा कुनै पनि सांसदले मेरो भूगोलमा बजेट परेन भन्न दिँदैनौं । यसले विगतमा भएको विभिन्न प्रकारका त्रुटिहरु कम हुन्छ । हाम्रा सांसदको योजनाहरु केही स्थानीय तहको माग हुन्छ, कतै नागरिकहरुको माग हुन्छ भने विभिन्न समूहहरुको माग हुन्छ । विद्यालयहरुको भौतिक संरचनामा कमी आयो भनेर माग गर्नेहरु पनि हुन्छन् । बजेटलाई विवादरहित बनाउन हामीहरु सांसहरुसँगै परामर्श गरिरहेका छौं । हामी विगतको कमजोरीबाट सिकेर नयाँ र व्यवस्थित बजेट निर्माणमा जुटेका छौं । प्रदेशको सन्तुलित विकास सरकारको प्राथमिकता हो । कसले कति पायो वा पाएन भन्दा पनि नागरिकको आवश्यकता समेटियो वा समेटिएन भन्ने सरकारको चिन्ताको विषय हो । नागरिकको मौलिक हक अधिकार र सेवा सुविधारमा सरकार प्रतिवद्ध रहेको छ । सोहीअनुसार स्थानीय तह केन्द्रित बजेट ल्याउने सरकारको तयारी रहेको छ ।

**समाज: प्रदेश सरकारले गौरवको योजनाहरूमा नयाँ के-के ल्याउने तयारी गरेको छ ?**

**थपलिया:** हामीले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ७५ प्रतिशत डाक्टरहरु बढाउने योजना बनाएका छौं । ६ सय शैयामा हेटौंडा अस्पताललाई स्तरोन्नति गर्ने सरकारको तयारी छ । अहिले हेटौंडा अस्पताल कुनरुपमा छ भन्ने कुरा हामी सबैले मूल्यांकन गर्न सक्छौं । प्रदेश सरकारको गौरवको योजना हो, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान । त्यस्तै, प्रदेश गौरवको आयोजनाको रुपमा हेटौंडा-काठमाडौं जोड्ने सडकहरुलाई राखेर काम गरिरहेको छ । प्रदेश सरकार स्थापनापश्चात् हेटौंडाबाट काठमाडौंतर्फ जाने सड्क खण्डको संरचना परिवर्तन गर्नेगरी अघि बढेको छ । हेटौंडा-काठमाडौं जोड्ने ४ वटा बाटोबाट सजिलै आवतजावत गर्न सकिने गरी स्तरोन्नति गर्ने कार्य भइरहेको छ । पहिला हेटौंडाबाट काठमाडौं जान ४/५ घण्टाको समय लाग्ने गरेको थियो । अहिले त्यो यात्राको समय छोटिएको छ । प्रदेश सरकारको लगानीमा उक्त सडकहरुको स्तरोन्नति कार्य भएसँगै अहिले २/३ घण्टामा काठमाडौं पुग्न सकिने भएको छ । मातातीर्थ-फाखेल, कुलेखानी-हुमाने-फर्पिङ, कुलेखानी-सिस्नेरी, कुलेखानी-चित्लाङलगायतका सडकलाई स्तरीय बनाउन प्रदेश सरकारले काम गरिरहेको छ ।

सडक पूर्वाधार विकासको कामलाई व्यवस्थित गर्ने सरकारले तयारी गरेको छ । प्रादेशिक सडक गुरुयोजनाअनुसार प्रदेश सरकारले ३ सय ५० बढी सडक आयोजनालाई पक्की बनाउने गरी लगानीको मोडल तयार गरेको छ । यो प्रदेश सरकारको गौरवको आयोजना हो । कृषिमा नयाँ मोडलसहित लगानी गर्ने सरकारले तयारी गरेको छ । समुदायमा आधारित कृषि उत्पादनमा अनुदान दिने र वृहत्रुपमा कृषि उत्पादकत्व बढाउने योजना सरकारको रहेको छ । प्रादेशिक विश्वविद्यालयको स्थापना गर्ने चरणमा सरकार अघि बढेको छ । यो पनि एउटा गौरवको कुरा हो । प्रदेशमा गुणस्तरीय शिक्षाको व्यवस्था गर्ने गरी विश्वविद्यालयको संरचना बनाउन बजेट विनियोजन गर्ने सरकारको तयारी रहेको छ । प्राविधिक शिक्षामा जोड दिनका लागि विश्वविद्यालयले काम गर्नेगरी सरकार अघि बढेको छ ।

**समाज: राजस्व वृद्धिदरतर्फ राज्यले कस्तो रणनीति अपनाउने गरेको छ ? तथ्यांकले देखाएअनुसार अहिले राजस्व उठ्न सकिरहेको छैन । राजस्वको दायरा वृद्धि गर्न सरकारको तयारी के छ ?**

**थपलिया:** अब हामीले तहगतरुपमा राजस्व संकलन कार्यलाई व्यवस्थित गर्ने तयारी गरेका छौं । स्थानीय तहसँग समन्वय गरेर व्यवहारिक ढंगबाट राजस्व संकलन कार्यलाई अघि बढाउने योजनामा छौं । जिल्ला समन्वय समितिसँग समन्वय गरेर प्रभावकारी बनाउनका लागि प्रदेशको राजस्वको दर निर्धारण गर्ने सरकारको तयारी रहेको छ । राजस्व वृद्धिका लागि सरकारी कार्यालय तथा संरचना निर्माण गर्दा अनिवार्यरुपमा स्वदेश फर्निचरको प्रयोग गर्ने नीतिगत निर्णय गरेका छौं । कर वृद्धि भन्दा पनि दायरा बढाउने योजनामा छ ।

**समाज: चालु आर्थिक वर्षको अन्तिमतिर पुगेको अवस्थामा प्रदेश सरकारको खर्च ४१ प्रतिशत भएको देखिन्छ । पुँजीगततर्फको बजेट खर्च बढाउन सरकारको योजना के छ ?**

**थपलिया:** सरकारको बजेट खर्च असारको २० गतेतिर बढ्छ । पहिला कोरोना भाइरसको कारणले गर्दा कार्यान्वयन नभएकाले बजेट खर्च न्यून हुने गरेको थियो । यसवर्ष लगभग ६० देखि ६५ प्रतिशतसम्म बजेट खर्च हुन्छ । यो भनेको ठूलो कुरा हो । गत वर्ष हाम्रो २६ अर्ब रुपैयाँ बजेट डिपोजिट भयो । खर्च हुन सकेन । पछिल्लो समय प्रदेश सरकार स्थापनापछि विकास निर्माणको काम 'र्‍यापिड्ली' गएको छ । प्रदेशको लगानीमा यति धेरै बाटो बनायौं कि त्यति केन्द्रीय सरकारले पनि बनाएको थिएन । २०६० सालमा ७५ वटा जति बाटो थियो । अहिले ३ सय बाटो प्रदेशले निर्माण गरेको छ । अब हामीले यी सबै पूर्वाधारको लगानी उत्पादनको क्षेत्रमा जोड दिनुपर्छ । पर्यटन र कृषिमा उत्पादन कसरी बढाउने भन्नेमा सरकारले छलफल अघि बढाइरहेको छ । तालिम र निर्वाहमुखी खेती गरेर हुँदैन भन्नेमा सरकार स्पष्ट छ । हामीले रसुवाको हिमालबाट बग्ने पानीलाई सदुपयोग गरेर विदेशमा बिक्री गर्ने योजनाहरु बनाउनुपर्छ ।

# गाँजासहित गोङ्बा पक्राउ

समाज संवाददाता

हेटौंडा: पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेस्थित चेकपोष्टबाट मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मनहरी गाउँपालिका-२, का ३० वर्षीय दिनेश गोङ्बा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सोमबार बिहान १ बजेर ३० मिनेटको समयमा हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको बा ३२ प २५९८ नम्बरको मोटरसाइकललाई सुरक्षाजाँच गर्दा उनको साथबाट लागूऔषध गाँजा फेला परेपछि बरामद गरेको छ । प्रहरीले गोङ्बाको साथबाट १२ किलो गाँजा बरामद गरेको हो । उक्त गाँजासहित गोङ्बालाई नियन्त्रणमा लिएर थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखिएको प्रहरीले जानकारी दिएको छ ।

## बागमती सरकारले...

फरक संरचनाको रुपमा सञ्चालन हुनेछ । संघीय कानुनले मर्जरको रणनीति लिएसँगै प्रदेशमा रहेर काम गर्ने उहाँको भनाइ छ ।

प्रदेश सरकारको व्यावसायिक सीप विकाससम्बन्धी ३ वटा परियोजना सञ्चालनका लागि सीटीईभीटी खोल्ने तयारी गरिएको हो । मन्त्रालयअन्तर्गतको युवाहरुका लागि गुणस्तरीय प्रविधिक शिक्षा र तालिम (क्वालिटी) परियोजना र दिगो तथा सम्मानित रोजगारीका लागि सीप (इन्सोर) परियोजना र राष्ट्रिय योग्यता व्यावसायिक प्रणाली परियोजना कार्यान्वनयका लागि प्रदेश सरकारले सीटीईभीटी खोल्ने तयारी गरेको हो ।

महाशाखा प्रमुख अधिकारीका अनुसार हाल मन्त्रालयबाट नै हेर्दै आएको उक्त कार्यक्रमको प्रभावकारिताका लागि सीटीईभीटी गठन गर्ने तयारी गरिएको हो । मन्त्रालयअन्तर्गतका कार्यालयबाट हुँदै आएको सीपमूलक तालिमहरुलाई एकीकृतरुपमा सञ्चालन गर्ने रणनीति रहेको उहाँले बताउनुभयो ।

प्रदेश सरकारको संरचनाअन्तर्गत् कार्यक्रम कार्यान्वयनमा दोहोरोपन तथा अस्पष्टता हटाउन कार्यालयहरु पुनःसंरचना गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो । आगामी साउनबाट सञ्चालन हुने गरी व्यावसायिक तथा सीप विकास तालिम केन्द्र धादिङ, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र मकवानपुर, सार्वजनिक निर्माण कार्यान्वयन इकाई काभ्रे र सार्वजनिक निर्माण कार्यान्वयन इकाई गजुरी, धादिङलाई सामाजिक विकास कार्यालय नामाकारण गरी सोहीअनुसारको कार्य जिम्मेवारी दिने तयारी गरिएको उहाँको भनाइ छ ।

छोटो अवधिको तालिम तथा अन्य व्यावसायिक सीपमुलक तालिम र सीप परीक्षण परीक्षाका क्षेत्रमा सीटीईभीटीबाट काम गर्ने गरी सरकारले काम अघि बढाएको उहाँले बताउनुभयो । साउनबाट काम अघि बढाउने गरी कार्यालय स्थापनाको लागि स्थान खोजी कार्य भइरहेको उहाँले जानकारी दिनुभयो । प्रदेश सरकारले स्थापना गर्ने सीटीईभीटीलाई संरचनागत चुनौती हुने देखिएको छ । प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न सीपमूलक तामिल र सीप परीक्षणको लागि ठोस निर्णय नभएकाले चुनौती देखिएको हो ।

प्रदेश सरकारले स्थापना गर्ने सीटीईभीटीलाई आंगिक क्याम्पसहरुको संरचनागत सञ्जाल निर्माण गर्नुपर्ने चुनौती रहेको छ भने सीप परीक्षणका लागि संघीय सरकारको सीटीईभीटीलाई नै गुहार्नुपर्ने अवस्था रहेको छ । प्रदेश सरकार मातहत नै सीप परीक्षणको संरचना नभएकाले थप चुनौती हुने देखिन्छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# गाँजासहित २ जना प्रहरीको नियन्त्रणमा

समाज संवाददाता

हेटौंडा: बाराको विभिन्न स्थानबाट लागूऔषध गाँजासहित २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय मातहतका निकायबाट खटिएको प्रहरी टोलीले एक सय २२ केजी लागूऔषध गाँजासहित २ जनालाई नियन्त्रणमा लिएको हो ।

इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट खटिएको प्रहरी टोलीले शनिबार बिहान ११:२० बजेको समयमा जीतपुर सिमरा उपहानगरपालिका-२१, अमलेखगञ्जबाट लागूऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको हो । मनहरीबाट पथलैयातर्फ जाँदै गरेको अवस्थामा बा १० च ३६१९ नम्बरको कारको पछाडिको डिक्कीमा लुकाइछिपाई राखेको ८० केजी गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेले बताउनुभयो ।

उनका अनुसार पक्राउ पर्नेमा कार चालक चितवनको राप्ती नगरपालिका-१०, रिकाटार बस्ने २५ वर्षीय मानबहादुर वाइवा र कारमा सवार मकवानपुरको राक्सिराङ गाउँपालिका-५ बस्ने २६ वर्षीय सुमन स्याङ्तान रहेका छन् । पक्राउ परेकाहरुलाई लागूऔषध मुद्दा दर्ता गरी जिल्ला अदालत बाराबाट ७ दिनको म्याद थप गरी अनुसन्धान कार्य भइरहेको उहाँले बताउनुभयो ।

यस्तै, बाराको सिम्रौनगढबाट १० केजी गाँजा बरामद भएको प्रहरी प्रवक्ता न्यौपानेले बताउनुभयो । उहाँका अनुसार शनिबार साँझ साढे सात बजेको समयमा इलाका प्रहरी कार्यालय, सिम्रौनगढ र प्रहरी चौकी, श्रीनगर बैरियाबाट खटिएको संयुक्त प्रहरी टोलीले सिम्रौनगढ नगर पालिका-१, हनुमान चोकबाट गाँजा बरामद गरेको हो । उक्त स्थानमा सवारीसाधन रोकी चेकजाँच गर्ने क्रममा नयकाटोलाबाट भारततर्फ जाँदै गरेको बीआर ०५ सी ७०५४ नम्बरको भारतीय मोटरसाइकलमा सवार व्यक्तिले प्रहरीलाई देखेर लागूऔषध गाँजा र मोटर साइकलसमेत फालेर भागेको उहाँको भनाइ छ ।

यसैगरी, बाराको पथलैयाबाट ३२ केजी लागूऔषध गाँजा बरामद गरेको प्रवक्ता न्यौपानेले बताउनुभयो । आइतबार विहान ५ बजेको समयमा प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरी टोलीले जीतपुर सिमरा उपमहानगरपालिका-१, पथलैया चोकमा हेटौंडाबाट पथलैयातर्फ आउँदै गरेको प्र.०३-००२ प ५८५४ नम्बरको मोटरसाइकलमा सवार व्यक्तिले प्रहरीलाई देखेर लागूऔषध गाँजा फाली फरार भएको उहाँले बताउनुभयो ।

उक्त मोटरसाइकलको पछाडि बाँधी राखेको झोलामा ल्याएको अवस्थामा लागूऔषध गाँजा बरामद गरिएको उहाँको भनाइ छ । फेला परेको मेटरसाइकल नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भइरहेको उहाँले बताउनुभयो ।

मकवानपुर ड्राइभिङ्ग इन्स्टिच्यूट एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.
हेटौंडा-८, मकवानपुर

शेयर रकम जम्मा गर्ने बारे अत्यन्त जरुरी सूचना

यस मकवानपुर ड्राइभिङ्ग इन्स्टिच्यूट एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. हेटौंडा-८, मकवानपुरको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भए बमोजिम कम्पनीको शेयर लगत कायम गर्नुपर्ने भएकोले कम्पनीको प्रबन्धपत्रमा कबोल गरे बमोजिम प्रति कित्ता रु १००/-(एक सय)ले हुनआउने रकम कम्पनीको NABIL BANK चिसापानी शाखा, हेटौंडा-१६ स्थित चल्ती खाता नं. 14501017500368 मा जम्मा गरेको सक्कलै भौचर कम्पनीको कार्यालयमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र उपलब्ध गराइदिनुहुन सम्पूर्ण संस्थापक शेयरधनीज्यूहरुमा अनुरोध सहित सूचीत गरिन्छ ।

नारायणप्रसाद भण्डारी
संचालक अध्यक्ष

Vacancy Announcement

A nonprofit organization (NGO) based in Makwanpur invites application from interested and eligible candidates (Nepali Citizen) for the following position(S). Application is being invited for the project Sustainable Agriculture Renewal through Innovative Ideas (SARTHI) youth exchange program funded by Nowergian Agency for exchange corporation (NOREC), a Norwegian government body

Applicants with strong communication skill, leadership and team management skill, practical knowledge of field work and willing to stay in India for 5 months are encouraged to submit their CVs.

Position: Norec Volunteers (3)
Desired qualification and experience:
• Having BscAg/IscAg/ PJTA course with minimum 2 years relevant work experience.
• Should be able to conduct training on improved farming methodologies in different rural areas.
• Should be able to identify target group, formation of group and mobilizing them.
• Analyzing existing operation, crops, plantation for improvements.
• Working experience with agriculture related agencies would be an advantage.
• Candidates holding 2 wheeler license will be a plus.
• Should be locally resided in Makwanpur district.

Interested candidates are requested to apply electronically at vacancyhetauda@gmail.com within 7 days till 5 Pm from the date of vacancy announcement with their application letter and update CV. Local women and people from ethnic community and marginalized groups are highly encouraged to apply.

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

# बागमतीका १३ जिल्लामा १५ वातावरण निरीक्षक तोकिए

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशअन्तर्गत १३ जिल्लाका लागि १५ जना वातावरण निरीक्षक तोकिएका छन् । सोमबार एक सूचना जारी गर्दै बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयले वातावरण निरीक्षक तोकेको हो ।

मन्त्रालयले १३ जिल्लाका १५ डिभिजन वन कार्यालयमा वातावरण निरीक्षक तोकेको हो । मन्त्रालयका अनुसार तोकेका वातावरण निरीक्षकमध्ये मकवानपुर र सिन्धुलीमा २/२ जना रहेका छन् भने अन्य जिल्लाहरुका १/१ जना रहेका छन् ।

डिभिजन वन कार्यालय मकवानपुरमा बसन्तराज गौतमलाई वातावरण निरीक्षक तोकिएको छ भने डिभिजन वन कार्यालय राप्ती, मनहरी मकवानपुरमा गगन शर्मालाई वातावरण निरीक्षक तोकिएको छ । डिभिजन कार्यालय सिन्धुलीमा प्रतिज्ञा पौडेल र डिभजन वन कार्यालय मरिण, सिन्धुलीमा सुरु गहतराजलाई वातावरण निरीक्षक तोकिएको छ । डिभिजन वन कार्यालय ललितपुरमा सुमन घिमिरे, डिभिजन वन कार्यालय काभ्रेमा देवराज घिमिरे र डिभिजन वन कार्यालय भक्तपुरमा सरस्वती अर्याललाई वातावरण निरीक्षक तोकएको छ ।

यस्तै, डिभिजन वन कार्यालय काठमाडौंमा शंकर थापा, डिभिजन वन कार्यालय नुवाकोटमा कमल घिमिरे, डिभिजन वन कार्यालय रसुवामा प्रेमा थापा, डिभिजन वन कार्यालय धादिङमा रश्मी तचामो, डिभिजन वन कार्यालय चितवनमा सम्झना अधिकारी, डिभिजन वन कार्यालय रोमछापमा मिलन बुढा, डिभिजन वन कार्यालय दोलखामा आशीष पौडेल र डिभिजन वन कार्यालय सिन्धुपाल्चोकमा भक्तबहादुर श्रेष्ठलाई वातावरण निरीक्षक तोकिएको छ । तोकिएका वातावरण निरीक्षकहरुले वातावरणीण प्रदूषण कम गर्ने, नियन्त्रण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसार काम गर्नेछन् ।

प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनअनुसार गर्नुपर्ने कामहरु प्रभावकारीरुपले गर्न गराउन मन्त्रालयले लोकसेवा आयोगबाट निर्धारित प्रक्रिया पूरा गरी वातावरण निरीक्षकहरु नियुक्त गर्न वा त्यस्तो निरीक्षकको काम गर्ने गरी कुनै कर्मचारीलाई तोक्न सक्ने व्यवस्था रहेको छ । वातावरण निरीक्षकले प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने, नियम विपरीत कुनै ठाउँबाट ध्वनी, ताप वा फोहर मैला निष्कासन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, प्रस्ताव कार्यान्वयन गर्ने स्वीकृति दिँदा तोकिएका शर्तहरुबमोजिम काम भए नभएको जाँचबुझ तथा निरीक्षण गर्ने जिम्मेवारी रहेको छ ।

यस्तै, वातावरण निरीक्षकले वातावरण संरक्षण ऐनको उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्दा देखिएका कुराहरुको प्रतिवेदन तोकिएको अधिकारीसमक्ष पेश गर्ने काम गर्नुपर्ने हुन्छ । ऐनको उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित प्रस्तावकलाई पूर्वसूचना दिई संरचना वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्नसक्ने व्यवस्था रहेको छ । उपदफा (२) र (३) बमोजिम वातावरण निरीक्षकलाई काममा बाधा विरोध उत्पन्न गरेमा जरिवाना गर्नसक्ने अधिकार रहेको छ ।

# बालश्रम निवारणका लागि उपाध्यक्षसँग अन्तरसंवाद

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा बालश्रम निवारणका लागि उपाध्यक्षसँग बालबालिका अन्तरसंवाद कार्यक्रम भएको छ । शनिबार गाउँपालिका, बालकल्याण समाज मकवानपुर, ग्लोबल मार्च र स्वतन्त्रता अभियानको संयुक्त आयोजनामा कार्यक्रम भएको हो ।

कार्यक्रममा सहभागी बालबालिकाले मनहरी बालमैत्री पालिका भएपनि अझै बालश्रम र बालविवाहजस्ता घटना न्यूनीकरण हुन नसकेको भन्दै उपाध्यक्षलाई ध्यानाकर्षण गराएका छन् । बालश्रमिकसहित पालिका बाल सञ्जाललगायतका सहभागी बालबालिकाले बालसंरक्षणका लागि पालिकाको नीतिको बारेमा जिज्ञासा राखेका थिए । बालश्रम निवारण तथा बालबालिकाको विद्यालय छाड्ने दर घटाउन पालिकाको योजना र बजेटको बारेमा पनि सहभागी बालबालिकाले प्रश्न गरेका थिए ।

आर्थिक अवस्था कमजोर रहेका बालबालिकालाई निःशुल्क पढाउनुपर्ने, घरबाट विद्यालय टाढा हुँदा विद्यालय छोड्नुपर्ने अवस्था अन्त्य गर्न विद्यालय बस सञ्चालन गर्नुपर्ने, बालबालिकालाई लागूऔषध दुर्व्यसनबाट बचाउन आवश्यक नीति तथा कार्यक्रम ल्याउनुपर्ने सहभागी बालबालिकाले माग गरेका छन् । बालबालिकाको जिज्ञासा र मागका बारेमा गाउँपालिकाका उपाध्यक्ष सीता पुलामी मगरले जवाफ दिनुभएको थियो ।

उपाध्यक्ष मगरले बालबालिकाका लागि सरकारले लगानी गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले बालबालिकालाई गरेको लगानी खेर नजाने भन्दै पालिकाले यस वर्ष पनि बालबालिकाको क्षेत्रमा आवश्यक काम गर्ने प्रतिबद्धता जनाउनुभयो । मनहरीलाई बालश्रममुक्त पालिका घोषणा गरिए पनि अझै बालश्रमिक भेटिरहेको भन्दै उहाँले उक्त समस्या समाधान गर्ने बताउनुभयो ।

पालिकाभित्र होटल र ग्यारेजजस्ता क्षेत्रहरुमा भेटिने बालश्रमिकहरु बाहिरी पालिका र जिल्लाका पाइए पनि पालिकाभित्र बालश्रम हुन नहुने उहाँको भनाइ छ । उहाँले पालिकाले जोखिममा परेका बालिकाहरुलाई राख्ने बालगृह निर्माण गर्न नसकिरहेको भन्दै यस विषयमा छलफल भइरहेको बताउनुभयो । उहाँले पालिकाले शिक्षामा प्राथमिकता राखेर काम गरिहेको भन्दै पालिकाभित्रका कोही बालबालिका विद्यालयबाहिर रहनुपर्ने अवस्था नआउने बताउनुभयो । गरिबी र आर्थिक अवस्था कमजोर विद्यार्थीलाई पालिकाले निःशुल्क पढाउने उहाँले बताउनुभयो ।

बालकल्याण समाज मकवानपुरका अध्यक्ष प्रकाश खतिवडाले बालमैत्री पालिका घोषणालाई निरन्तरता दिनका अझै काम गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । बालमैत्री घोषणाको दिगोपनका लागि बालबालिकाको संरक्षण र सम्बर्द्धन गर्न आवश्यक काम गर्नुपर्ने उहाँको भनाइ छ । बालबालिकाको मनमा भएको कुरा स्थानीय सरकारसँग राख्न र सामाजिक कामको जिम्मेवारीहरु बालमैत्री, बालअधिकार, बालपोषण, बालविवाह अन्त्य गर्नेजस्ता जिम्मेवारी पालिका उपाध्यक्षको हुने भएकाले उक्त कार्यक्रम आयोजना गरेको उहाँको भनाइ छ ।

बालकल्याण समाज मकवानपुर अध्यक्ष खतिवडाले पालिकाकी उपाध्यक्ष पुलामीलाई आगामी आर्थिक वर्षको बजेटमा बालश्रम निवारणसम्बन्धी कार्यक्रम समोवश गर्न माग गर्दै ज्ञापनपत्र बुझाउनुभएको छ । पालिकाभित्र बालश्रममुक्त स्थानीय तहका निम्ति प्रतिबद्धता गर्ने वडालाई पालिकाबाट विशेष अनुदान प्रदान गर्ने व्यवस्था गर्न, प्रत्येक वडा तहलाई बालश्रममुक्त वडा घोषणका लागि बालश्रमिक समेतको सहभागितामा बालभेला आयोजना गरी कार्यक्रमसहित कार्ययोजना निर्माण गर्न, बालश्रमिकहरुको पुनस्थापनाका लागि उद्दार, अस्थायी संरक्षण तथा पुनर्स्थापना सेवामा बजेट विनियोजन गर्न र पालिकाभित्र सञ्चालनमा रहेका उद्योग, व्यवसायलाई बालश्रममुक्त उद्योग व्यवसायका रुपमा सञ्चालनका लागि प्रोत्साहनका कार्यक्रमहरु व्यवस्था गर्न माग गरिएको छ ।

पालिका वडा बाल सञ्जालकी अध्यक्ष मुना भण्डारीको सभाध्यक्षतामा भएको कार्यक्रममा सञ्जालका सल्लाहरुकारहरु सनिष लो र अस्मिता कार्की, अन्जन सापकोटा र आशीष बुढाथोकीलगायतले सहजीकरण गर्नुभएको थियो ।

# चितवनमा एकै दिन ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको चितवन जिल्लामा एकै दिन ५ जनाको मृत्यु भएको छ । चितवन जिल्लाको भरतपुर महानगर पालिका-२१, रंगिला बस्तीमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा २५ वर्षीय सुवास नेपाली रहेको प्रहरीले जानकारी दिएको छ । नेपाली आइतबार घरबाट अन्दाजी २ किलोमिटर पर खेतको आलीमा उत्तानो परेर मृत अवस्थामा फेला परेको बागमती प्रदेश प्रहरी कार्यलय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२३, खड्गौलीमा एक जना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा ५० वर्षीया बुधनी दराई रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार दराई माछा मार्न भनि घरबाट २ किलोमिटर पर रहेको केरुङ्गा खोलामा गएकोमा खोला नजिकै मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाकै राप्ती नगर पालिका-८, सीतलटोलमा अटोबाट लडेर एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ३५ वर्षीया मीना परियार रहेको प्रहरीले जानकारी दिएको छ ।

आइतबार दिउँसो ३ बजेको समयमा चितवन खैरहनी नगरपालिका-९, पिपरास्थित भित्री सडक खण्डमा सिमलटाँडीबाट बा प्र ०६-००१ ह ००४६ नम्बरको अटोमा राप्ती नगरपालिका-८, ब्रम्हानगर जाँदै गर्दा अटोबाट मोबाइल खसेर टिप्न खोज्दा परियार लडी घाइते भएकी थिइन् । घाइते परियारलाई उपचार का लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा ४ बजेर १० मिनेटको समयमा मृत्यु भएको प्रहरी जानकारी दिएको छ । चालक ५० वर्षीय भक्तसिङ तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, बेलचोकमा बृद्धाश्रममा आश्रित एक जना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा ७० वर्षीय भरत पौडेल खत्री रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार दिउँसो ४ बजेर ३० मिनेटको समयमा मानवसेवा आश्रममा उद्दार गरी ल्याइएका खत्रीको आफ्नै कालगतिले मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-११, मनकामनामा दुईवटा मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्याङ्जा जिल्लाको वालिङ नगरपालिका-५, घर भई हाल भरतपुर महानगरपालिका-१, रामनगर बस्ने ४० वर्षीय अर्जुनप्रसाद रेग्मी रहेको प्रहरीले जानकारी दिएको छ । प्र.३-०२-०९ प २४३८ नम्बर र ग ७ प ८९४१ नम्बरको मोटरसाइकल एक-आपसमा ठोक्किँद प्र.३-०२-०९ प २४३८ नम्बरका चालक रेग्मीसहित ग ७ प ८९४१ नम्बरका चालक स्थानीय २२ वर्षको रोहन थापा गम्भीर घाइते भएका थिए । घाइते रेग्मीको पुरानो मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको र थापाको नयाँ मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# बालक मृत फेला

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको गजुरी गाउँपालिका-५, घाटबेशीमा बालक मृत फेला परेका छन् । मृत फेला पर्नेमा १५ वर्षीय युनिक सुवेदी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शनिबार दिउँसो २ बजेको समयमा १२ वर्षीय रिदम रोइला र सुवेदी घरबाट आफूखुसी हिँडेका थिए । अबेरसम्म घर नआएपछि खोजतलास गर्दै जाँदा आइतबार दिउँसो १ बजेको समयमा गजुरी-५, घाटवेशीस्थित त्रिशुली नदीको किनारमा दुबै जनाको कपडा र चप्पल फेला परेपश्चात् खोजतलास गर्दै जाँदा सुवेदी त्रिशुली नदीमा मृत अवस्थामा फेला परेको र रोइलाको खोजी कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# निजी विद्यालयको अनुगमन सकियो

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको शिक्षा विकास महाशाखाले पालिकाका निजी विद्यालयको अनुगमन सकाएको छ । महाशाखाले ४ वटा समूह बनाई एक महिना १६ दिनमा अनुगमन सकाएको हो । हेटौंडा उपमहानगरपालिकाले विद्यालयको वर्गीकरण तथा शुल्क निर्धारण गर्न निजी विद्यालयको अनुगमन गरेको हो ।

शिक्षा विकास महाशाखाले वैशाख ५ गतेदेखि अनुगमन सुरु गरेको थियो । वर्गीकरणको प्रक्रियामा विद्यालयले तयार पारेको स्वमूल्यांकन फारममै आधारित भएर अनुगमन गरिएको हो । जसमा मुख्य ७० वटा सूचकहरु बनाइएको थियो भने ३ वटा वर्गीकरण अंक छुट्याइएको छ । अबको प्रक्रियामा महाशाखाले शिक्षा समितिसँग बैठक बसेर सबै विद्यालयको अंकबारे छलफल हुनेछ ।

अनुगमनपश्चात् ८० प्रतिशतदेखि माथि प्राप्तांक भएका विद्यालयलाई ‘क’ वर्गमा वर्गीकरण गरिनेछ । ६० देखि ७९.९ प्रतिशतसम्म प्राप्तांक भएका विद्यालयलाई ‘ख’ वर्ग, ४० देखि ५९.९ प्रतिशतसम्म ‘ग’ वर्ग र ४० प्रतिशतभन्दा कम प्राप्तांक आएमा ‘घ’ वर्गमा वर्गीकरण गरिनेछ । शिक्षा विकास महाशाखाका अधिकृत पुष्कर राज बिष्टका अनुसार अनुगमनका क्रममा ‘क’ वर्गमा पर्ने विद्यालय लगभग देखिएको छैन । ‘ख’ श्रेणीमा धेरै विद्यालय रहेका छन् भने ‘ग’ श्रेणीमा कम र ‘घ’ श्रेणीमा विरलै देखिएको विष्टले बताउनुभयो ।

विद्यमान शिक्षा ऐन तथा नियमावलीअनुसार नयाँ शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिनाअघि नै संस्थागत विद्यालयसँग शुल्क प्रस्ताव माग गरी शुल्क निर्धारण गर्नुपर्ने व्यवस्था छ । विद्यालयको पूर्वाधार, विद्यार्थीको सिकाइ, टिकाउ दर, उत्तीर्ण दर, शिक्षक-विद्यार्थी अनुपात, शिक्षक कर्मचारीको वृत्तिविकास, सेवा सुविधा, खानेपानी, शौचालय सुविधा, प्रयोगशाला, पुस्तकालय, खेल पूर्वाधार लगायतका सूचकमा विद्यालयबाट स्वमूल्यांकन गराई महाशाखाले अनुगमन सुरु गरेको थियो ।


## हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षिंत ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।




ज्ञान बहादुर श्रेष्ठ
का.वा. अध्यक्ष तथा
१२ नम्बर वडा कार्यालय परिवार

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

PTE/Ielts

युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।




Laya Shrestha



Pradip Adhikari

उत्कृस्ट जापानिज भाषा को लागि IDB
Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला

IDB Education Consultancy pvt Ltd


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ